# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नार्पा भूमि गाउँपालिका, मनाङ , नार्पा भूमि गाउँपालिका , मनाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश पाख्रिन | २०७८-१२-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिल बहादुर कुमाल | २०७९-१-९ | |
| | | **बेरुजु रकम** | ३,७१५,७०३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,११,५१,१२०.११ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १२,६१,७२,००० | **चालु खर्च** | ४,४५,८३,४४२.९७ |
| **प्रदेश सरकारबाट अनुदान** | ७५,००,००० | **पूँजीगत खर्च** | ७,३२,९१,६९०.८७ |
| **राजश्व बाँडफाँट** | ३,४५,२९,८३२.१ | **वित्तीय/अन्य व्यवस्था** | ३,७२,२४,८७७.३३ |
| **आन्तरिक आय** | ५,६२,२२९.५५ | | |
| **अन्य आय** | ५५,११,४४१.०८ | | |
| **कुल आय** | १७,४२,७५,५०२.७३ | **कुल खर्च** | १५,५१,००,०११.१७ |
| **बाँकी मौज्दात** | | ९,०३,२६,६११.६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।६।३ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, १३७.५४ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाब**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १८,१६,३०,६५८.१० | १७,६६,९६,४३३.११ | | १७,६६,९६,४३३.११ | १४,४६,३९,८९३.५१ | | १४,४६,३९,८९३.५१ |
| क. प्राप्ति (संचितकोषमा | | १७,६२,५५,६०० | १६,९८,७५,८२३.९३ | ० | १६,९८,७५,८२३.९३ | १३,४१,७२,९४१.५१ | ० | १३,४१,७२,९४१.५१ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी बाँधिने) | | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ३,७३,८३,६०० | ३,५५,७६,०६८.२४ | ० | ३,५५,७६,०६८.२४ | ३,१६,४३,६३५.६२ | ० | ३,१६,४३,६३५.६२ | | |
| | | | | १३००० अनुदान | | १३,८६,७२,००० | १३,३६,७२,००० | ० | १३,३६,७२,००० | १०,११,३४,८९७.१२ | ० | १०,११,३४,८९७.१२ | | |
| | | | | संघीय सरकार | १२ | १२,६१,७२,००० | १२,८०,४७,००० | ० | १२,८०,४७,००० | ७,९६,९०,८९७.१२ | ० | ७,९६,९०,८९७.१२ | | |
| | | | | प्रदेश सरकार | १२ | १,२५,००,००० | ५६,२५,००० | ० | ५६,२५,००० | २,१४,४४,००० | ० | २,१४,४४,००० | | |
| | | | | १४००० अन्य राजस्व | | २,००,००० | ६,२७,७५५.६९ | ० | ६,२७,७५५.६९ | ६१,७०० | ० | ६१,७०० | | |
| | | | | १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | १३,३२,७०८.७७ | ० | १३,३२,७०८.७७ | | |
| | | | | ख. अन्य प्राप्ति | | ५३,७५,०५८.१० | ६८,२०,६०९.१८ | | ६८,२०,६०९.१८ | १,०४,६६,९५२ | | १,०४,६६,९५२ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ५३,७५,०५८.१० | ५३,७५,०५८.१० | ० | ५३,७५,०५८.१० | ९४,०९,००० | ० | ९४,०९,००० | | |
| | | | | धरौटी | | ० | १४,४५,५५१.०८ | ० | १४,४५,५५१.०८ | १०,५७,९५२ | ० | १०,५७,९५२ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी | | १९,२०,५३,०५८.१० | ११,९२,७१,६९५.९७ | | ११,९२,७१,६९५.९७ | १२,६८,५२,०७४.१९ | | १२,६८,५२,०७४.१९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (ग+घ) | | | | | | | | | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १८,६६,७८,००० | ११,७८,७५,१३३.८४ | | ११,७८,७५,१३३.८४ | १२,३१,९१,११४.१४ | | १२,३१,९१,११४.१४ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ४,२३,१७,००० | २,२९,१७,३११.७९ | ० | २,२९,१७,३११.७९ | २,१७,६५,६२२.७९ | ० | २,१७,६५,६२२.७९ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३,६७,७०,००० | १,८८,१०,५५६.१८ | ० | १,८८,१०,५५६.१८ | १,६९,२६,८१३.८६ | ० | १,६९,२६,८१३.८६ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ११,५२,९२४ | ० | ११,५२,९२४ | | |
| | | | | २६००० अनुदान | १८ | ९,०४,००० | २७,८०० | ० | २७,८०० | ५५,००० | ० | ५५,००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ३१,८१,००० | ८,७०,७२५ | ० | ८,७०,७२५ | १७,८८,२८३.५७ | ० | १७,८८,२८३.५७ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ३४,५६,००० | १९,५७,०५० | ० | १९,५७,०५० | १२,२३,६९१ | ० | १२,२३,६९१ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १०,००,५०,००० | ७,३२,९१,६९०.८७ | ० | ७,३२,९१,६९०.८७ | ८,०२,७८,७७८.९२ | ० | ८,०२,७८,७७८.९२ | | |
| | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घ. अन्य भूक्तानी | | ५३,७५,०५८.१० | १३,९६,५६२.१३ | | १३,९६,५६२.१३ | १२,६८,५२,०७४.१९ | | १२,६८,५२,०७४.१९ | | |
| | | | कोषहरु | | ५३,७५,०५८.१० | ११,२६,८६७.१३ | ० | ११,२६,८६७.१३ | ३६,६०,९६०.०५ | ० | ३६,६०,९६०.०५ | | |
| | | | धरौटी | | ० | ३,१०,००० | ० | ३,१०,००० | ० | ० | ० | | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -४०,३०५ | | -४०,३०५ | | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (१,०४,२२,४००) | ५,७४,२४,७३७.१४ | | ५,७४,२४,७३७.१४ | १,७७,८७,८१९.३२ | | १,७७,८७,८१९.३२ | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,६७,३२,७२०.८९ | | ६,६७,३२,७२०.८९ | ४,९१,८७,१७९.६७ | | ४,९१,८७,१७९.६७ | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (१,०४,२२,४००) | १२,४१,५७,४५८.०३ | | १२,४१,५७,४५८.०३ | ६,६९,७४,९९८.९९ | | ६,६९,७४,९९८.९९ | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १२,४१,५७,४५८.०३ | | १२,४१,५७,४५८.०३ | ५,७७,२४,४०१.७५ | | ५,७७,२४,४०१.७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>स्याउभिर उपभोक्ता समितिबाट रु.१९२०००।- तथा फिर्ता गर्न वांकी संघीय सशर्त अनुदान रु. १०३१४४१।- समेत रु. १२२३४४१।- लेखापरीक्षणको क्रममा असूल तथा फिर्ता दाखिला भएको छ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १८ ऐन, १० नियमावली, १० कार्यविधि र १ निर्देशिका समेत ३८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ९९१५३९३।- खर्च लेखेको पाईयो ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष कन्जेतेन्जिङ लामाले २०७८।३।१० गते रु.१८ करोड ५५ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 9495000 | 3598421 | 3.05 |
| सामाजिक क्षेत्र | 32173000 | 19692465 | 16.71 |
| पूर्वाधार विकास क्षेत्र | 7645000 | 53903937 | 45.73 |
| वित्तिय व्यवस्थापन र सुशासन | 1754000 | 1324565 | 1.12 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 66806000 | 39355743 | 33.39 |
| **जम्मा** | **117873000** | **117875131** | **100** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **खर्च बिश्लेषण-** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ५६२२२९।५५ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३५५२७८३२१।१ र गतको अल्याबाट रु. ७११५११२०।११ समेत रु.२४५४२६६२२।८४ आम्दानी भएकोमा चालु तर्फ रु.४४५८३४४२।९७ र पूँजिगत तर्फ रु. ७३२९१६९०।८७ समेत रु. १५५१०००११।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ३९०२६८५।२४ खर्च भएको छ जुन आन्तरिक आयको ६९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट २६.५१ प्रतिशत चालु र ४३.५७ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 11280 | 0 | 0 | 11280 | 11280 |
| २ | प्रदेश सरकार | 9080 | 0 | 0 | 9080 | 9080 |
| ३ | पालिका | 52930 | 6748 | 7465 | 38717 | 37142 |
| ४ | कूल खर्च: | 73290 | 6748 | 7465 | 59077 | 57502 |
| | खर्च प्रतिशत | | 9.21 | 10.19 | 80.61 | 78.46 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | **योजना र कार्यान्वयन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 1 | 100000 |
| २ | रु १ लाख एक देखि ५ लाख सम्मका योजना | 14 | 5850000 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 18 | 14900000 |
| ४ | १० लाख एक देखि ५० लाख सम्मका योजना | 12 | 28950000 |
| ५ | ५० लाख भन्दा माथीका | 3 | 22900000 |
| | **जम्मा** | **48** | **72700000** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ७.१ | | | **जिम्मेवारी फरक परेको**- स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६६९९२५९६।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ७११५१११२०।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४१५८५२३।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **एकीकृत आर्थिक संकेत**- सरकारको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरी कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ७.३ | | | **वार्षिक प्रतिबेदन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा वार्षिक प्रतिबेदन तयार गरेको छैन ।तसर्थ कार्यालयले नियमको पालना गरी वार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयनः**<br>**ऐनको परिपालना तथा कार्यान्वयन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |
| ९ | | | **सेवा प्रवाह विवरणः**<br>**सेवा प्रवाह**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता १९ नाता प्रमाणित१८, नागरिकता सिफारिस ११, गरेको पाइयो। गाउँपालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। गाउँपालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **सम्पत्तिको संरक्षण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत संम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले सम्पत्ति संरक्षणको लागि चाहिने आवश्यक प्रबन्ध गरेको देखिएन । | |
| १०.२ | | | **नक्सा पास र मुल्याङकन** - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वियन र मुल्याङ्कन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ । घर जग्गा मुल्याङ्कन गर्ने बैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरिनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाइएको मुल्याङकन प्रतिवेदन यथार्थपरक नभै अनुमानको भरमा लेख्ने गरेको पाइएकोले सोमा सुधार हुनुपर्दछ । | |
| १०.३ | | | **जिन्सी निरीक्षण प्रतिबेदन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>**कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तर्फ १४ र प्रशासन तर्फ १५ समेत २९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा प्राविधिक तथा प्रशासनिक कर्मचारी समेत २९ जनाको मात्रै पदपूर्ती भएको स्थिती तथा विभिन्न पदमा २२ जना कर्मचारीहरु करारमा राखी रु.५७१४३९०।- खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः**<br>**खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ८४६५००।- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३ | | | **खरिद तथा ठेक्का अभिलेखः**<br>**सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारि साधन खरिदमा रु. ५९८८०००।- खर्च गरेका छन् ।<br><br>सवारी साधनको नाम: Scorpio S5 4WD — रकम रु.: 5988000 | |
| १४ | | | **शिक्षाः** | |
| १४.१ | | | **शिक्षकको तलब** - शिक्षा नियमावली, २०५९ को नियम १२६ मा शिक्षक कितावखानावाट प्रतिवेदन पारित गराएर मात्र कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा गर्नुपर्दछ । कार्यालयले विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता वापत रु.४९०३९२०।- खर्च लेखेकोले यकिन हुन सक्ने अवस्था देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति तथा विद्यार्थी अनुपात**- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत आधारभुत तहका २ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विधालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | नार आधारभुत विद्यालय | 7 | 4 | 0 | 19 |
| २ | फू आधारभुत विद्यालय | 3 | 3 | 1 | 28 |
| जम्मा | | 10 | 7 | 1 | 47 |

उल्लेखित तालिकामा नार आधारमुत विद्यालयमा शिक्षक विधार्थी अनुपात १:४.७५ रहेको छ भने फू आधारभूत विद्यालयमा १:९.३३ अनुपात रहको देखियो । यसरी हेर्दा पालिकाले शिक्षक विधार्थी अनुपात नमिलाइ अवश्यकता भन्दा वढी शिक्षक नियुक्त गरेको देखियो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **विल भन्दा बढी पेश्की फछ्यौंट-**<br>गो.भौ.नं. १८७ । २०७९।०३।२० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्च लेख्नु अघि त्यस्तो भूक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भूक्तानी दिनुपर्ने व्यवस्था छ । डोजर अपरेटर मुकेश कुश्वाहलाई ५००००।०० पेश्की दिईएकोमा रु २८४५४।०० मा विविध सामान खरिदको बिजक पेश गरी उक्त पेश्की दिएकोमा रु ५००००।०० फछ्यौंट गरेकोले बढी रु २१५४६।०० फछ्यौंट गरेकोले असुल असूल हुनुपर्ने रु. | २१,५४६ |
| १६ | १९ | २०७८-६-१० | **जिन्सी दाखिला नगरेको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा टीच एण्ड मोर प्रालि बाट टीचिङ मेटरियल सेट खरिद गरि रु.२६१४५३ भुक्तानि भएको पाइयो। मालसामानहरु खरिद गरी कार्यलयमा प्राप्त भइसकेपछी जिन्सी कितावमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको नदेखिएकोले अनियमित देखिएको रु | २६१,४५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **भरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका कार्यको भुक्तानीमा भरपाइ प्रमाण पेश नभएकोले भरपाइ पेश गर्नुपर्ने रु. | १,६४२,९८० |

| भौ.न।मिति | व्यहोरा | रकम |
|---|---|---|
| १७।२०७८।६।१० | पालिकाको डिजिटल प्रोफायल तथार गर्ने कार्य गरेकोकार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने। | ४४०००० |
| १९।२०७८।६।१० | प्रारम्भिक बालविकास कक्षा सञ्चालन का लागि किताव खरिद गरेको सोको वितरण भरपाइ पेश गर्नुपर्ने। पिजि सेट १५, नर्सरी सेट१५,केजि सेट१५,जि केजि सेट १५ | ५३४६० |
| १३४।२०७९।३।१४ | रेन्कोट तथा व्याग ७० थान वितरण गरेको भरपाई पेश गर्नुपर्ने। | १२६५६० |
| १३५।२०७९।३।१४ | व्याग १२० थान वितरण गरेको भरपाई पेश गर्नुपर्ने। | ४४३९५४ |
| १६५।२०७९।३।१७ | सिलपोलिन त्रिपाल ७०३ केजि वितरण गरेको भरपाई पेश गर्नुपर्ने। | ४२९००६ |
| ३१।२०७८।६।१७ | फु आधारभुत विद्यालय लाइ दिएको वालविकास केन्द्र सञ्चालन अनुदान भरपाई पेश गर्नुपर्ने | १५०००० |
| जम्मा | | १६४२९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सोझै खरिद**<br>null | १,००४,४६७ |
| १९ | | २०७८-६-१० | **मुल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२० हजार भन्दा वढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएका सँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले खाजा खाना वापत रकम भुक्तानी भनि सप्तरङ्गी आर्ट पब्लीसीटी लाइ २०७८।६।१० मितिमा भौ नं ३ बाट रु ११३००० भुक्तानी भएको, नार गेस्ट हाउस बाट २०७८।६।१० मितिमा भौ.न ३ बाट रु.२१६७०० तथा कर्मा होटल बाट २०७९।३।२० मितिमा भौ.न १९० बाट रु.२५४२५६ गरि कुल रु.५८३९५६ प्यानविलका आधारमा भुक्तानी भएको देखिन्छ।पालिकाले नियममा भएको व्यवस्थाको पालना नगरेकोले अनियमित देखिएको रु. | ५८३,९५६ |
| २० | | | **म्याद समाप्त भएको औषधिः**<br>गाउंपालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारका गाउंपालिका अन्तर्गत रहेका निम्न बमोजिमका परिमाणका औषधिहरु प्रयोगमा नआइ म्याद सकिएको ०७४।७५ देखि ०७८।७९ भइसक्दापनि नष्ट नगरी अव्यवस्थित ढंगले भण्डार गरि राखेको पाइयो।यसरी बांकि रहेको औषधिहरुको गलत प्रयोग भई नागरिकको जिबनमा प्रतिकुल असर पर्ने सम्भावना देखिन्छ। तत्काल कानुनी प्रकृया पुरा गरि म्याद सकिएका औषधि नस्ट गर्नुपर्दछ। | |

| S.N. | Name of Medicine | Specification | Quantity | Condition |
|---|---|---|---|---|
| 1 | Vitamin B Complex | Tab | 750 | Expired |
| 2 | Vitamin B Complex | Tab | 200 | Expired |
| 3 | PCV 10- 4 Dose | | 1 | Expired |
| 4 | Chlorhexidine Gel 4% (Navi Malam) Tube | Tube | 7 | Expired |
| 5 | Mupirocin 2% w / w Tube | Tube | 145 | Expired |
| 6 | Silver Sulfadiazine 1% Ointment/<br>Cream15gm | Tube | 32 | Expired |
| 7 | DPT + Hep B + Hib 10 | Vial | 1 | Expired |
| 8 | Oral Rehydration Salt | Packet | 50 | Expired |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 9 | Oral Rehydration Salt | Packet | 1,050 | Expired | | |
| | | | | 10 | . Zinc Sulphate 20 mg Tablet | | 100 | Expired | | |
| | | | | 11 | Ferrous Sulphate 60 mg+ Folic Acid Tab · 0.4 mg Tablet | Tab | 550 | Expired | | |
| | | | | 12 | Ferrous Sulphate 60 mg+ Folic Acid Tab · 0.4 mg Tablet | Tab | 730 | Expired | | |
| | | | | 13 | . Oral Polio Vaccine 10 | Vial | 1 | Expired | | |
| | | | | 14 | Hyoscine butylbromide 20 mg / ml · Injection | Vial | 10 | Expired | | |
| | | | | 15 | Lignocaine 1% ml With Adrenaline . Injection | Vial | 2 | Expired | | |
| | | | | 16 | . Ringer Lactate 540 ml | Bottle | 15 | Expired | | |
| | | | | 17 | . Ringer Lactate 540 ml | Bottle | 25 | Expired | | |
| | | | | 18 | Aluminium Hydroxide250 mg + | Tab | 1,600 | Expired | | |
| | | | | | . Magnesium Hydroxide 250 mg or | | | | | |
| | | | | | Magnesium Trisilicate 250 mg Tablet | | | | | |
| | | | | 19 | . Amlodipine 5 mg Tablet | Tab | 50 | Expired | | |
| | | | | 20 | Amoxycillin 125 mg Dispersible Tablet | Tab | 1,440 | Expired | | |
| | | | | | . | | | | | |
| | | | | | | | | | | |
| | | | | 21 | Amoxycillin 125 mg Dispersible Tablet | Tab | 100 | Expired | | |
| | | | | | . | | | | | |
| | | | | 22 | Diclofenac Sodium 100 mg Tablet | Tab | 2,000 | Expired | | |
| | | | | | . | | | | | |
| | | | | 23 | Diclofenac Sodium 100 mg Tablet | Tab | 400 | Expired | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | . | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 24 | Diclofenac Sodium 100 mg Tablet<br>. | Tab | 200 | Expired | | |
| | | | | 25 | Frusemide 40 mg Tablet mg tab<br>. | Tab | 1,200 | Expired | | |
| | | | | 26 | Hyoscine butylbromide 10 mg Tablet<br>. | Tab | 100 | Expired | | |
| | | | | 27 | . Metoclopramide 10 mg Tablet | Tab | 20 | Expired | | |
| | | | | 28 | . Ofloxacin 400 mg Tablet | Tab | 400 | Expired | | |
| | | | | 29 | . Promethazine 25 mg | Tab | 450 | Expired | | |
| | | | | 30 | . Ranitidine 150 mg Tablet | Tab | 1,450 | Expired | | |
| | | | | 31 | . Ranitidine 150 mg Tablet | Tab | 1,500 | Expired | | |
| | | | | 32 | . Paracetamol 500 mg tablet | Tab | 1,300 | Expired | | |
| | | | | 33 | Sulphamethoxazole 400mg & . Trimethoprim 80 mg Tablet | Tab | 1,000 | Expired | | |
| | | | | 34 | Amoxycillin 125 mg / 5ml 60 ml Dry · syrup | Bottle | 10 | Expired | | |
| | | | | 35 | Metronidazole 100mg / 5 ml 60 ml · Suspension | Bottle | 5 | Expired | | |
| | | | | 36 | Metronidazole 100mg / 5 ml 60 ml · suspension | Bottle | 33 | Expired | | |
| | | | | 37 | . Paracetamol 125 mg / 5 ml 60 ml syrup | Bottle | 150 | Expired | | |
| | | | | 38 | . Calamine 1% Lotion | Bottle | 5 | Expired | | |
| | | | | 39 | . Calamine 15% w / v 60 ml syrup | Bottle | 55 | Expired | | |
| | | | | 40 | . Albendazole 400 mg chewable Tablet | Tab | 55 | Expired | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 41 | . Amoxycillin 500 mg Capsule | Cap | 2,000 | Expired | |
| | | | 42 | . Amoxycillin 500 mg Capsule | Cap | 700 | Expired | |
| | | | 43 | Clotrimazole 1% w / w 15 g Cream Tube<br>. | Tube | 45 | Expired | |
| | | | 44 | . Hydrocortisone Injection | Vial | 140 | Expired | |
| | | | 45 | . Metronidazole 400 mg | Tab | 1,600 | Expired | |
| | | | 46 | . Metronidazole 400 mg Tablet | Tab | 800 | Expired | |
| | | | 47 | . Rota virus vaccine | Vial | 1 | Expired | |
| | | | 48 | Metronidazole 200 mg / 5ml 60 ml · suspension | Bottle | 90 | Expired | |
| | | | 49 | . Cough Syrup | Bottle | 100 | Expired | |
| | | | 50 | . Amoxycillin 250 mg Tab | Tab | 1,100 | Expired | |
| | | | 51 | Gamma Benzene Hexachloride 1%w/v<br>.<br>lotion 60 ml | Bottle | 130 | Expired | |
| २१ | | | **गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम**<br>गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिक्षेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन।निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ। | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको:**<br>गोरखापत्र संस्थान धर्मपथ, काठमाण्डौँले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको २०७०।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्रवाहेक अन्य प्रकाशन संस्थाले समेत सरकारी सूचना विज्ञापनमा २५ देखि ३५ प्रतिशत सम्म छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । यस मन्त्रालयले विभिन्न खरिद कार्यको वोलपत्र/दरभाउको सुचना प्रकाशन गरेको उल्लेख गरी विभिन्न विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा लिनुपर्ने छुट तथा सहुलियत लिएको देखिएन ।लिनुपर्ने छुट नलिई विज्ञापन खर्च लेखेको कारण थप व्ययभार परेको छ। यसमा सुधार गर्नुपर्दछ। केहि प्रतिनिधि उदाहरण निम्न छन्। | |

| गो.भौ-/मिति | विज्ञापन एजेन्सीको नाम | कुल भुक्तानी रकम | २५ प्रतिशत छुट गर्दा भुक्तानी हुने रकम | फरक रकम |
|---|---|---|---|---|
| १३।२०७८।६।१० | ढोरपाटन सञ्चार प्रालि | ५४२४० | ४०६८० | १३५६० |
| १०४।२०७९।१।२५ | ढोरपाटन सञ्चार प्रालि | ११८६५ | ८८९८ | २९६६ |
| | जम्मा | | | १६५२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट फु आधारभुत विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि रु.४५०००० रकम निकासा गरेको पाईयो । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान उपलब्ध गराएको पाइयो। यस्तो अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कृषि तथा पशुमा अनुदान**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्।<br>विवरण (१०० प्रतिशतअनुदान) — अनुदान रकम<br>कृषि सामाग्री औजार खरिद तथा वितरण — २०००००<br>सिल्पोलिन प्लास्टीक खरिद तथा वितरण(७५ प्रतिशत अनुदान) — ३९००००<br>टनेल निर्माण — ३९०००<br>विउ विजन खरिद तथा वितरण — १८९०००<br>पशु उपचारका लागी औषधि खरिद — २४००००<br>जम्मा — १०५८०००<br>यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्: अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी गर्ने गरेको पाइएन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |

| विवरण (१०० प्रतिशतअनुदान) | अनुदान रकम |
|---|---|
| कृषि सामाग्री औजार खरिद तथा वितरण | २००००० |
| सिल्पोलिन प्लास्टीक खरिद तथा वितरण(७५ प्रतिशत अनुदान) | ३९०००० |
| टनेल निर्माण | ३९००० |
| विउ विजन खरिद तथा वितरण | १८९००० |
| पशु उपचारका लागी औषधि खरिद | २४०००० |
| जम्मा | १०५८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले तपसिल वमोजिमको रु. रकम शिर्षक फरक पारि खर्च लेखेको छ।अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेकोले अनियमित देखिएको रु | २४६,९१८ |

| भौ नं | हुनुपर्ने खर्च शिर्षक | खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ९३ | मसलन्द तथा कार्यालय सामाग्री | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन | २३०५२ |
| १०३ | मसलन्द तथा कार्यालय सामाग्री | विविध | १३३००० |
| १३१ | मसलन्द तथा कार्यालय सामाग्री | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन | ७७०६६ |
| १५६ | मसलन्द तथा कार्यालय सामाग्री | पत्र पत्रिका छपाई तथा सुचना प्रकाशन | १३८०० |
| | जम्मा | | २४६९१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **बैंक खाताबाट अनिर्वाय भुक्तानी**<br>आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु 79170।– भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ, केही उदाहरण निम्नानुसार छन् । | |

| गो.भौ./ मिति | कामको विवरण | भूक्तानी लिनेको रकम | भूक्तानी रकम |
|---|---|---|---|
| ३२।०७८।८।२७ | प्रशासकिय भवन फिनिसिङ | कृषन मगर समेत ८ जना प्रति ब्यक्ती रु० ४९२००।- | 393६0०।- |
| ३९।०७८।९।२५ | फूगेट देखि गाउँसम्मको बाटो | दिलिप बुढा समेत ७ जना प्रति ब्यक्ती रु ४७४००।- | 331800।- |
| | | अविनास बुढा समेत २ जना प्रति ब्यक्ती रु. ७९१७०।- | 158340।- |
| | | दपम चेपाङ समेत ७ जना प्रति ब्यक्ती रु. ४८९८०।- | 342860।- |
| ५९।०७९।३।१९ | पाहुना घर निर्माण उ.स. | अमित मगर समेत ४ जना जनही रु.४३०५०।- | 172200।- |
| ६०।०७९।३।१९ | छुक्चे देखि तेरिला पास सम्मको बाटो | रोशन तामाङ समेत २ जना प्रति ब्यक्ती रु ६३५५०।- | 127100।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **उपभोक्ता समितिबाट कार्य**<br>गाउँपालिकाले प्रशासकिय भवन निर्माणमा आ.व. २०७६।०७७ बाट शुरु भएकोमा हाल सम्म रु. १५२४१४८७ खर्च भइ कार्य सम्पन्न भएको भवनको निम्न व्यहोरा देखियोः<br>१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १ अनुसार १ करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने उपनियम (१) अनुसार लागत अनुमानमा मुल्य अभिवृद्धिकर, ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था भएकोमा कार्यालयले रु. १९८२०६८१।७० लागत अनुमान भएको ठेक्का नियमको व्यवस्था विपरित उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत देखिएन ।<br>२) गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा वार्षिक रुपमा एकमुष्ट रकम विनियोजन नगरी प्रत्येक वर्ष एकै भवनमा पृथक पृथक कार्य गराएको देखियो । यसरी कार्य गराउँदा गत विगतमा भएको काम र गर्न बाँकी काम छुट्याएर बाँकी कामको लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्नेमा के कति कार्य भयो र कति बाँकी छ भन्ने नछुट्याएको अवस्थामा पुनः उपभोक्ता समितिबाट कार्य गराएकोले काम दोहोरो भए/नभएको गा.पा.बाट अनुगमन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>नियमावली निर्माण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने दफा २ अनुसार बनाइएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन व्यवस्था भएकोमा गाउँपालिकाले खरिद ऐन तथा सो अन्तर्गत खरिद नियमावली निर्माण नगरेको अवस्थामा पालिकाले जिल्ला दररेट भन्दा फरक ढुवानी राखी योजनाको लागत अनुमान निर्धारण गर्दा योजनाको लागत अनुमान बढ्न गइ योजना महङ्गो भएको अतः ऐन तथा नियमावली निर्माण गरेर मात्र पालिकाले दररेट निर्धारण गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विवरण</th><th>जिल्ला दररेट अनुसार दक्ष कामदार</th><th>पालिका दररेट अनुसार</th></tr>
<tr><td>फु देखि तिब्बत सिमाना सम्म, तिलिचो तालिचो तल्लो वेसक्याम्पबाट तिलिचो ताल मेसोकान्त सम्म लेदर बाट थोराङ फेदी सम्म विम्दा देखी लार्के तिब्बत सीमा सम्म</td><td>प्रतिदिन रु. २१००।-</td><td>प्रतिदिन प्रतिव्यक्ति रु. २७३०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>एज बिल्ट नक्सा<br>ठेक्का नं NBRM/Works/NCB-01/077-078 कार्यालयले नार स्वास्थ्य चौकी भवन निर्माणको लागि मिति २०७८।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७।७।२० मा रु. ७२८५४०४।– मा निर्माण ब्यवसायी ग्याल्सुम्दो निर्माण सेवा सँग सम्झौता भएको ठेक्कामा मिति २०७८।३।३१ सम्म म्याद थप गरी सोही वमोजिम कार्य भएकोमा सम्झौताको GCC 71.2 मा अन्तिम विल भूक्तानी गर्दा रु. १०००००।- एज बिल्ट नक्सा वापतको रकम रोक्का राख्नु पर्ने र एज बिल्ट नक्सा ९० दिनभित्र पेश नभएमा सो रकम असूल हुनुपर्नेमा सो नगरेकोले रु. १०००००।– असुल गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>विस्फोटक पदार्थ खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | (५३।२०७९।३।७) गाउँपालिकाले आवश्यक विष्पोटक पदार्थ खरिद वापत रु. १२४४८६६।– भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियोः<br>क) गाउँपालिकाले बाटो निर्माणको लागि आवश्यक विष्पोटक पदार्थ खरिद गरेकोमा आवश्यकतथाको पहिचान बेगर खरिद गषरी मौज्दात राख्दा गत विगतको खरिद मध्ये ५० प्रतिशत भन्दा बढी म्याद गुज्रिएर नष्ट गर्नु परेको देखियो यसरी गत विगतको म्याद सामाप्त भएर नष्ट गर्नुपरेकोमा हाल खरिद पनि प्रयोग हुनेमा आस्वस्त हुन सकिएन अतः खरिदपूर्व विष्फोटक पदार्थको म्याद समाप्त नहुने गरी खरिद गर्ने प्रवन्ध पालिकाले मिलाउनु पर्ने देखियो । | |
| ३०.२ | | | ख) गाउँपालिकाले विष्पोटक पदार्थ खरिदगरी श्री उपत्यका कमाण्ड हेडक्वाटरले स्कर्टिङ गरी श्री शिवदल गण हेडक्वाटर सम्म ल्याएको ढुवानीमा संलग्न विभिन्न ३० सैनिकको दैनिक भ्रमण भत्ता रु २१६३५०।- सेनानी मछेन्द्र बाबु थापाले भूक्तानी लिएकोमा दैनिक भ्रमण भत्ता बुझिलिने व्यक्तिको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | २१६,३५० |
| ३०.३ | | | ग) भ्रमण खर्च नियमावली , २०६४ को नियम ७ वमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र अफ्नो कार्यलय भन्दा बाहिर भ्रमणभत्ता वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची-३ वमोजिमको दरमा दैनिक भत्ता पाउने व्यवस्था भएकोमा नियमावली विपरित ३० जनालाई खाना भत्ता, खाजा भत्ता र पानी भत्ता समेत ५ दिनको दैनिक रु. ६३०।– थप तथा रिचार्ज खर्च र सेनिटाइजर, माक्स, पन्जा वापत रु. ३०००।– भूक्तानी दिएको रकम भूक्तानी लिने सेनानी मछेन्द्र बाबु थापा सँग रु. ९७५००।– असूल गर्नुपर्ने रु. | ९७,५०० |
| ३१ | | | **विल भरपाई** | |
| ३१.१ | | | (६१।०७९-३-१९) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई, प्रमाण र कागजात संकलन गरेर मात्र खर्च लेख्नु पर्नेमा कार्यालयले महेन्द्र पूल देखि नार सम्म बाटो मर्मत भूक्तानी गर्दा दैनिक हाजिर वापत १६ जना कामदारहरुलाई रु. ४८००००।- भूक्तानी गरेकोमा भरपाइ सम्लग्न नभएकोले बैंक मार्फत भूक्तानी भएको प्रमाण पेश गर्ने अन्यथा असूल हुनु पर्ने रु. | ४८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | यस प्रयोजनमा लागु नठेक्का नं NBRM/Works/NCB-01/078-079 आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार विल भर्पाइ सम्लग्न राखेर मात्र खर्च लेख्नुपर्नेमा निर्माण कर्ता ईशान निर्माण सेवालाइ नार स्वास्थ चौकी भवन निर्माण सम्झौताको BOQ को प्रोभिजनलसम आइटम नं. १ मा बिमा समावेश गरी रु. ६५०००।– भूक्तानी गरेको देखियो । यसरी भक्तानी भएको रकमको बिमा पोलिसी तथा बिजक समाबेश नभएकोले बिमा पोलिसी तथा बिजक पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | ६५,००० |
| ३२ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजु फर्स्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फर्स्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा यो वर्ष कुनैपनी बेरुजु सम्परीक्षणको लागी पेश नभएको । | |
| ३३ | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः (रकम रु. हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 50946 | ० | 3716 | 0 | 54662 |